## भेदभाव रहित

Penn State Health भेदभाव र उत्पीडन मुक्त वातावरण सिर्जना गर्न प्रतिबद्ध छ।

## स्वास्थ्य कार्यक्रम तथा क्रियाकलापहरूमा भेदभाव रहित नीति

Penn State Health ले लागू हुने प्रचलित स्थानीय, राज्य र संघीय नागरिक अधिकार कानुनहरूको पूर्ण पालना गर्दछ र यस संस्थाले आफ्ना कुनै पनि कार्यक्रम वा क्रियाकलापहरूमा भर्ना हुन, सहभागी हुन वा सेवा सुविधाहरू प्राप्त गर्नका लागि वंश, वर्ण, राष्ट्रिय मूल, लिङ्ग, उमेर, अपाङ्गता वा कानुनद्वारा संरक्षित अन्य कुनै पनि विशेषताका आधारमा कसैलाई पनि निष्कासन गर्ने, सेवाबाट बञ्चित गर्ने गर्दैन।

Penn State Health ले अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक अनुसार उचित सुविधा वा व्यवस्था मिलाउने र हामीसँग प्रभावकारी रूपमा संवाद गर्न निःशुल्क सहायक साधन तथा सेवाहरू (उनीहरूसँग आएका सहयोगी व्यक्तिहरूसमेत) उपलब्ध गराउँछ। यी सेवाहरूमा निम्न कुराहरू पर्दछन्:

- योग्य अमेरिकी सांकेतिक भाषा दोभाषे
- भिडियो मार्फत टाढैबाट उपलब्ध गराइने दोभाषे सेवा
- अन्य ढाँचामा उपलब्ध लिखित जानकारी, जस्तै ठूला अक्षरमा छापिएका सामग्री, अडियो (सुन्न मिल्ने) र सजिलै खोल्न मिल्ने डिजिटल फाइलहरू।

Penn State Health ले आफ्नो पहिलो भाषा अङ्ग्रेजी नभएका व्यक्तिहरू (अङ्ग्रेजी राम्रोसँग नबोल्ने उनीहरूसँग आएका सहयोगी व्यक्तिहरू समेत) का लागि 240 भन्दा बढी भाषामा निःशुल्क भाषा सहायता सेवा उपलब्ध गराउँछ। यी सेवाहरूमा निम्न कुराहरू पर्दछन्:

- योग्य चिकित्सा बोली भाषा दोभाषे
- फोन वा भिडियो मार्फत दोभाषेको सुविधा
- अरु भाषाहरूमा उपलब्ध गराइएका जानकारीहरू

तपाईंलाई यी सेवाहरूको आवश्यकता छ भने, कृपया आफ्नो भेटघाट मिलाउने कर्मचारीलाई जानकारी दिनुहोला अथवा, सेवा प्राप्त गर्ने निर्धारित समय भन्दा पूर्व नै सम्बन्धित स्वास्थ्य केन्द्रमा सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउनुहोला। तपाईं अस्पताल वा क्लिनिकमा जाँदै हुनुहुन्छ वा हाल त्यहाँ हुनुहुन्छ र तपाईंलाई कुनै सहयोग आवश्यक छ भने, कृपया तपाईंले उपचार गराइरहनुभएको Penn State Health को स्थान अनुसारको (तल उल्लेख गरिएको) बिरामी तथा परिवार सम्बन्ध (Patient and Family Relations)/बिरामी वकालत कार्यालय (Patient Advocacy Office) मा सम्पर्क गर्नुहोस्।

**Hampden Medical Center**
Patient and Family Relations
2200 Good Hope Road, Enola, PA 17025
कार्यालय: 717-763-3082
**बसोबास सुविधा:** 717-763-3082 वा PSHSPXTeam@pennstatehealth.psu.edu
**भाषा सहायता सेवाहरू:** 717-763-3082 वा PSHSPXTeam@pennstatehealth.psu.edu

**Holy Spirit Medical Center**
Patient and Family Relations
503 N. 21st St., Camp Hill, PA 17011
कार्यालय: 717-763-3082
**बसोबास सुविधा:** 717-763-3082 वा PSHSPXTeam@pennstatehealth.psu.edu

**भाषा सहायता सेवाहरू:** 717-763-3082 वा PSHSPXTeam@pennstatehealth.psu.edu
**Lancaster Medical Center**
Patient and Family Relations
2160 State Road, Lancaster PA 17601
कार्यालय: 223-287-8204
**बसोबास सुविधा:** 223-287-8204 वा lmcpatientrelations@pennstatehealth.psu.edu
**भाषा सहायता सेवाहरू:** 223-287-8204 वा LMC_interpreters@pennstatehealth.psu.edu

**Milton S. Hershey Medical Center**
Patient and Family Relations
500 University Drive, Mail Code H111, Hershey PA 17033
कार्यालय: 717-531-6311
**बसोबास सुविधा:** 717-531-6311 वा patientrelations@pennstatehealth.psu.edu
**भाषा सहायता सेवाहरू:** interpreters@pennstatehealth.psu.edu

**Pennsylvania Psychiatric Institute**
Director of Community Relations
2501 N. 3rd St., Harrisburg PA 17110
कार्यालय: 717-580-7896
**बसोबास सुविधा:** 717-580-7896 वा rmoore10@pennstatehealth.psu.edu
**भाषा सहायता सेवाहरू:** 717-580-7896 वा rmoore10@pennstatehealth.psu.edu

**Penn State Health Non-Hospital Clinic or Medical and Specialty Offices**
Patient and Family Relations
500 University Drive, Mail Code H111, Hershey PA 17033
कार्यालय: 717-531-6311
**बसोबास सुविधा:** 717-531-6311 वा patientrelations@pennstatehealth.psu.edu
**भाषा सहायता सेवाहरू:** interpreters@pennstatehealth.psu.edu

**St. Joseph Medical Center**
Patient Advocacy Department
2500 Bernville Road, Reading PA 19605
कार्यालय: 610-378-2675
**बसोबास सुविधा:** 610-378-2675 वा 610-378-2858 वा PSHSJPatientAdvocacy@pennstatehealth.psu.edu
**भाषा सहायता सेवाहरू:** 610-378-2324 वा pshsjinterpreters@pennstatehealth.psu.edu

## नीतिहरू

Patient Rights Policy (बिरामीका अधिकार सम्बन्धी नीति) (WS-ADMIN-9.113) (PDF)
Patient Rights Policy (बिरामीका अधिकार सम्बन्धी नीति) (PC-33 HAM) (PDF)
Patient Rights and Responsibilities (बिरामीका अधिकार र जिम्मेवारीहरू) (LMC PDF)
Patient Rights and Responsibilities (बिरामीका अधिकार र जिम्मेवारीहरू) PPI-RI-01 (PDF)
Patient Rights and Responsibilities (बिरामीका अधिकार र जिम्मेवारीहरू) ADM-RSK-039 (ADM-RSK-039) (PDF)

## गुनासो प्रक्रिया

## अफोर्डेबल केयर एक्ट (Affordable Care Act) को सेक्सन 1557

Penn State Health ले उल्लेखित सेवाहरू उपलब्ध नगराएको वा अन्य कुनै किसिमले भेदभाव गरेको महसुस गर्ने कुनै पनि व्यक्तिले आन्तरिक उजुरी प्रक्रिया मार्फत उजुरी दर्ता गर्न सक्नुहुनेछ र अफोर्डेबल केयर एक्ट (Affordable Care Act) को

सेक्सन 1557 द्वारा निषेधित कार्यहरू विरुद्ध परेका उजुरीहरूको शीघ्र र न्यायोचित समाधानका लागि यो कार्यविधि स्थापना गरिएको हो। सेक्सन 1557 ले आफ्ना कुनै पनि कार्यक्रम वा क्रियाकलापहरूमा जात, वर्ण, राष्ट्रियता, लिङ्ग, उमेर, अपाङ्गता वा अन्य कुनै पनि आधारमा भेदभाव गर्न निषेध गर्दछ।

अफोर्डेबल केयर एक्ट (Affordable Care Act) को सेक्सन 1557 ले निषेध गरेका कुनै पनि कार्यसम्बन्धी उजुरीहरूको छिटो र निष्पक्ष समाधानका लागि Penn State Health ले तल उल्लेखित आन्तरिक गुनासो प्रक्रिया अपनाएको छ।

**गुनासो गर्ने तरिका:**

कुनै पनि भेदभाव सम्बन्धी गुनासो, सम्बन्धित व्यक्तिलाई सो भेदभावको बारेमा थाहा भएको मितिले 30 दिनभित्र धारा 1557 संयोजक लाई 1557_coordinator@pennstatehealth.psu.edu मा इमेल गरी बुझाउनुपर्छ।

**गुनासो गर्ने तरिका:**

- गुनासो लिखित रूपमा पेश गरिनुपर्नेछ।
- आफ्नो नाम र सम्पर्क सम्बन्धी विवरणहरू अनिवार्य रूपमा समावेश गर्नुहोला।
- के भएको थियो, त्यसको विस्तृत विवरण दिनुहोस्, यो घटना भेदभावपूर्ण थियो भन्ने लाग्नुको कारण, घटना भएको मिति र अन्य कुनै पनि सान्दर्भिक जानकारीहरू खुलाउनुहोस्।

**अब के हुन्छ:**

- सेक्सन 1557 संयोजक वा अन्य सम्बन्धित व्यक्तिले आवश्यक परेमा तपाईँको उजुरीको बारेमा सोधपुछ वा छानबिन गर्न सक्नुहुनेछ।
- यस छानबिनको स्वरूप अनौपचारिक हुन सक्ने भए तापनि, यो पूर्ण र विस्तृत रूपमा सम्पन्न गरिनेछ।
- संयोजकले सम्बन्धित व्यक्तिहरूले बुझाएका प्रमाण वा कागजातहरू हेर्न र जाँच गर्न सक्नुहुनेछ।

**प्रक्रियाको क्रममा सहयोग:**

तपाईं अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ वा तपाईंको पहिलो भाषा अङ्ग्रेजी होइन भने, तपाईं प्रक्रियामा सहभागी हुन सक्नुहोस् भनेर हामी आवश्यक सहायक साधन, सेवा तथा भाषा सहायता उपलब्ध गराउनेछौँ। यो सहयोगमा यी कुराहरू पर्न सक्छन्:

- योग्य अमेरिकी सांकेतिक भाषा दोभाषे वा योग्य चिकित्सा बोली भाषा दोभाषे
- दृष्टिविहीन (आँखा नदेख्ने) व्यक्तिहरूका लागि आवश्यक सामग्रीहरू
- तपाईंलाई आउन-जान सजिलो हुने ठाउँमा छलफल वा बैठकको आयोजना

Penn State Health को गुनासो प्रक्रिया उपलब्ध भए पनि यसले कुनै व्यक्तिलाई अन्य कानुनी वा प्रशासनिक उपाय अपनाउनबाट रोक्दैन, जसमा अदालतमा वा अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभाग (U.S. Department of Health and Human Services) अन्तर्गतको नागरिक अधिकार कार्यालय (Office for Civil Rights) मा भेदभावसम्बन्धी उजुरी दर्ता गर्ने पनि समावेश छ:

- नागरिक अधिकार कार्यालयको उजुरी पोर्टल: https://ocrportal.hhs.gov
- अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभाग<br>200 Independence Ave., SW, Room 509F<br>HHH Building<br>Washington, DC 20201
- 1-800-868-1019, TDD 800-537-7697

उजुरी फारामहरू यहाँ उपलब्ध छन्: https://www.hhs.gov/sites/default/files/ocr-cr-complaint-form-package.pdf। कथित भेदभाव भएको मितिदेखि 180 दिनभित्र उजुरी दर्ता गर्नुपर्छ।

**भाषा सहायता**

तपाईं अर्को भाषा (अंग्रेजी बाहेक) बोल्नुहुन्छ भने, तपाईंको लागि भाषा सहायता सेवाहरू उपलब्ध छन्।

- Spanish (español)
- Nepali (नेपाली)
- Arabic (عربي)
- American Sign Language
- Vietnamese (Tiếng Việt)
- Russian (Русский)
- French (Français)
- Chinese (中文)
- Hindi (हिंदी)
- Korean (한국어)
- Urdu (اردو)
- German (Deutsch)
- Greek (Ελληνικά)
- Romanian (Română)
- Serbo-Croatian (srpskohrvatski)
- Haitian Creole (Kreyòl Ayisyen)